# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १८४, वर्ष ५, २०८० चैत्र ४, March 17, 2024 आइतबार




स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजनामा मुस्ताङ्ग अस्पताल, मुस्ताङ्गको न्यूनतम सेवा मापदण्ड (MSS) अन्तर्गतको तेहौं फलोअप सम्पन्न भएको छ। मुस्ताङ्ग अस्पताल, मुस्ताङ्गको न्युनतम सेवा मापदण्डको तेहौं फलोअपमा ६८% अङ्क प्राप्त भएको छ। कार्यक्रमका लागि मुख्य श्रोतब्यक्तिको रुपमा स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका निमित्त महानिर्देशक हेमन्त शर्मा पौडेल, मातृशिशु मितेरी अस्पताल, कास्कीका मेशु डाक्टर धर्मदेव ढकाल, निर्देशनालय, गण्डकी प्रदेशका स्वास्थ्य प्रशासक डाक्टर रोशन ढकाल र बरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत नबराज शर्माको उपस्थिति रहेको थियो। प्रस्तुतीकरण कार्यक्रम अस्पताल ब्यबस्थापन समितिका अध्यक्ष माया गुरुङ्गको अध्यक्षतामा संचालन भएको थियो। कार्यक्रममा सहायक प्रमुख जिल्ला अधिकारि, स्वास्थ्य कार्यालय प्रमुख लगायत स्वास्थ्यकर्मीहरुको उपस्थिति रहेको थियो।






स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका निमित्त महानिर्देशक हेमन्त शर्मा पौडेल र World Diabetics Foundation का कार्यक्रम संयोजक Marianne Kjartinge Faarbak बीच सिष्टाचार भेटघाट सम्पन्न भएको छ। नेपाल विकास समाजको संयोजनमा सम्पन्न भएको यो भेटघाटमा नसर्ने रोगसंग सम्बन्धित कार्यक्रमका बारेमा छलफल भएको छ। नेपाल विकास समाजद्वारा संचालित कार्यक्रमको प्रभावकारिता र भाबि कार्ययोजनाका बारेमा समेत छलफल भएको छ। उक्त छलफल कार्यक्रममा स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका स्वास्थ्य प्रशासक डाक्टर रोशन ढकाल, सुचना अधिकारी नबराज शर्मा, नेपाल बिकाश समाजका डाक्टर  कोइराला, पबित्र बाबु सोतीको समेत उपस्थिति रहेको थियो।

**मानसिक स्वास्थ्य : सबैको अधिकार**

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**

**नवजात शिशुले आमाको दूध खान नसकेमा के गर्ने ?**

https://hd.gandaki.gov.np/list/news/navajata-shashal-aamaka-thathha-khana-nasakama-ka-garana

आफ्नो बाबुनानीहरुलाई सबै खोपको मात्रा पुरा गराऔं!!

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १८४, वर्ष ५, २०८० चैत्र ४, March 17, 2024 आइतबार




प्रहरी चौकी, भुकताङ्ले, पर्वतको आयोजनामा समाज सेवी भुल बहादुर पौडेलको अध्यक्षतामा समुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत लागू औषध नियन्त्रण सम्बन्धि सचेतनामुलक कार्यक्रम गरिएको छ।



दादुरा रूवेला खोप अभियान २०८० @ लमजुङ






दाना स्वास्थ्य चौकी, म्याग्दीको आयोजनामा बिद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन भएको छ, जसमा हात धुने चरणहरु, जुकाको संक्रमणबाट बच्ने उपाए, प्रत्येक दिन बिहान खाना खाएपछि र साँझ खाना खाइसकेपछी सुत्नु अगाडि दाँत माझ्नुका फाईदा लगाएत स्वास्थ्य सम्बन्धि असल ब्यवहारहरु परिवर्तनको बारेमा अन्नपूर्ण ३ सुवा आ.वि.का बिद्यार्थीहरु बिच प्रदर्शनी तथा अभ्यास कार्यक्रम सम्पन्न भएको छ।



श्री कृष्णगण्डकी स्वस्थ्य चौकी, स्याङ्गजाको आयोजनामा महिला स्वास्थ्य स्वयंसेवीकाहरुको नियमित मासिक बैठक संचालन भएको छ।

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

# साप्ताहिक समाचारपत्रिका

अंक १८४, वर्ष ५, २०८० चैत्र ४, March 17, 2024 आइतबार



बागलुङ नगरपालिका स्वास्थ्य शाखाको आयोजनामा सिगाना मा. वि. बागलुङ नगरपालिका वडा नं ९ मा स्क्रीनिङ शिविर सम्पन्न भएको छ। बागलुङ नगरपालिका वडा नं ९ का अध्यक्ष राजु थापाको अध्यक्षता, नगर उपप्रमुख राजु खड्काको प्रमुख आथित्यता भएको सो कार्यक्रममा राम प्रसाद खनालले स्वागत र बिष्णु प्रसाद शर्माले सन्चालन गर्नुभएको थियो। सो कार्यक्रममा नगर अस्पतालका डाक्टर गरिमा खनाल र सि अ न मि निरक्षक माधबि शर्माले परिक्षण गर्नुभएको थियो।



स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजनामा स्वास्थ्य कार्यालय पर्वत र पैंयू गाउँपालिकाको सहकार्यमा नयाँ विस्तारित हुने स्वास्थ्य सँस्थामा DHIS -२/HMIS तालिम कार्यक्रम स्वास्थ्य निर्देशनालयका निमित्त महानिर्देशक हेमन्त शर्मा पौडेलको अध्यक्षतामा, पैंयू गाउँपालिका अध्यक्ष तोरण मल्ल ठकुरी, उपाध्यक्ष याम कुमारी रानाको प्रमूख आतिथ्यता सम्पन्न भयो। कार्यक्रममा समाजिक विकास तथा स्वास्थ्य मन्त्रालयबाट सुरज गुरौ, स्वास्थ्य निर्देशनालयबाट स्वास्थ्य प्रशासक डाक्टर रोशन ढकाल, चित्रकला अधिकृत होग्रेथ भुर्तेल, तथ्याङ्क अधिकृत प्रविन भण्डारीहरुको विशेष उपस्थितिका साथै महाशिला, पैंयू र विहादी गाउँपालिकाबाट ३० जना स्वास्थ्यकर्मीहरुको सहभागिता रहेको थियो।



स्वास्थ्य तालिम केन्द्र, गण्डकी प्रदेश पोखराको आयोजनामा नर्सिङ कर्मचारीहरुका लागि औषधिको प्रयोगद्वारा गरिने गर्भपतन (Medical Abortion) तालिम नेपाल परिवार नियोजन संघ, रुपन्देहीमा संचालन भएको छ।




धौलागिरी आयुर्वेद औषधालय, बाग्लुङ्गको आयोजनामा AHMIS सम्बन्धी अनुशिक्षण कार्यक्रम संचालन भएको छ।

## एचआईभी र एड्सः सामान्य जानकारी

https://hd.gandaki.gov.np/list/news/ecaaaiibha-ra-edasa-samanaya-janakara

# साप्ताहिक समाचारपत्रिका

अंक १८४, वर्ष ५, २०८० चैत्र ४, March 17, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




तमानखोला गाउँपालिका, बाग्लुङ्को आयोजनामा दादुरा रूवेला खोप अभियान २०८० बागलुङ जिल्लामा सञ्चालन भईरहेको छ। अभियानमा घरघरमा पुगी निमन्त्रणा गर्नुको साथै पूर्ण खोप सुनिश्चितता दिगोपना कायम गर्न घरधूरी सर्वेक्षणमा समेत गरिएको छ।



स्वास्थ्य कार्यालय, मनाङ्गको आयोजनामा नाशों गा.पा.मनाङमा दादुरा रूबेला सम्बन्धि अन्तरक्रिया कार्यक्रम संचालन भएको छ।



प्रहरी चौकी, ठुलीपोखरी पर्बतको आयोजनामा स्थानिय बासिन्द, आमा समुह, स्थानिय बुद्धिजिवि व्यक्तिहरुको उपस्थितिमा समदाय प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत आत्महत्या नियन्त्रण सम्वन्धि सचेतनामुलक कार्यक्रम गरिएको छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १८४, वर्ष ५, २०८० चैत्र ४, March 17, 2024 आइतबार




दगातुन्डाडा स्वास्थ्य चौकी अन्तर्गत नौटुवा खोप केन्द्रमा वडा स्तरीय खोप समन्वय समितिका सदस्य राजु थापा द्वारा उद्वघाटन गरि दादुरा रुबेला खोप अभियान संचालन भएको छ।



स्वास्थ्य कार्यालय, गोरखाको आयोजनामा अर्धवार्षिक समिक्षा कार्यक्रम संचालन भएको छ।




संक्रामक तथा सरुवा रोग अस्पतालमा कार्यरत विशेषज्ञ चिकित्सक डाक्टर सन्दिप ओझा रुपा गाउँपालिका, कास्कीबाट सम्मानित हुनु भएको छ।



राम्जा देउराली स्वास्थ चौकी, पर्बतमा तेस्रो सुत्केरी सेवा सफलता पुर्वक प्रदान गरिएको छ।



सौरु खोप केन्द्र मुस्ताङ्गमा ९ महिना देखि ५ बर्ष मुनिका बालबालिकाहरुलाइ दादुरा रुबेला रोग विरुद्धको खोप सम्पन्न भएको छ।

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**

# सासाहिक समाचारपत्रिका

अंक १८४, वर्ष ५, २०८० चैत्र ४, March 17, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




कोटदरबार स्वास्थ्य चौकी,तनहुँको आयोजनामा सुत्केरी घरभेट जाँच कार्यक्रम नियमित रुपमा संचालन भएको छ।



कागबेनी स्वास्थ्य चौकी, मुस्ताङ्गमा सुत्केरी सेवा सफलता पुर्वक प्रदान गरिएको छ।



## यूरिक एसिड नियन्त्रण गर्ने शीर्ष ७ खानेकुरा

https://hd.gandaki.gov.np/list/news/yaraka-esada-nayanataranae-garana-sharashha-khanakara

**दादुरा मिजल्स् भाइरसबाट हुने अति संक्रामक रोग हो। यो रोग कुनै पनि उमेरको मानिसलाई र विशेष गरि बालबालिकालाई लाग्न सक्दछ । अति संक्रामक भएको कारणले गर्दा, यो रोगले छिट्टै महामारीको रुप लिन सक्दछ ।**




शहरी स्वास्थ्य केन्द्र, मालेपाटन, पोखरा, कास्कीको आयोजनामा नसर्ने रोग समेतको स्वास्थ्य प्रवर्द्धन कार्यक्रम संचालन भएको छ।



स्वास्थ्य कार्यालय, मुस्ताङको आयोजनामा दादुरा रूबेला कार्यक्रमको शुभारम्भ कार्यकम सञ्चालन भएको छ। जिल्ला समन्वय समितिका प्रमुख माया गुरुङको अध्यक्षतमा संचालित उक्त कार्यक्रममा स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका निमित्त महानिर्देशक हेमन्त शर्मा पौडेल, सहायक प्रमुख जिल्ला अधिकारी, मुस्ताङ अस्पताल प्रमुख, मुस्ताङ जिल्लाका सुरक्षा निकायका प्रमुख लगायत स्वास्थ्यकर्मीहरुको उपस्थिति रहेको थियो।



स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजना तथा स्वास्थ्य कार्यालय, बागलुङको समन्वयमा नेपाल प्रहरि तथा शसस्त्र प्रहरिहरुका लागि एच.आई.भी एडसमा हुने भेदभाव, हेला हिंसा तथा अवहेलना न्युनिकरण कमि गर्नेवारेमा दुई दिने अभिमुखिकरण सम्पन्न भएको छ। उक्त कार्यक्रमको सहजिकरण जिल्ला प्रहरि कार्यालका प्रहरि उपरिक्षक ऋषिराम कडेल, स्वास्थ्य कार्यालयका जनस्वास्थ्य प्रसाशक बाबुराम आचार्य, स्वास्थ्य निर्देशनालयका डाक्टर वेदना पोखेल, कमल रानाभाट, स्वास्थ्य कार्यालयका देव प्रकाश घिमिरे तथा सेभ द चिल्ड्रेनका हेमराज पौडेलले गर्नुभएको कार्यक्रमको प्रमुख अतिथि प्रमुख जिल्ला अधिकारि खगेन्द्र प्रसाद रिजालले गर्नुभएको कार्यक्रमको सन्चालन घनस्याम सापकोटाले गर्नु भएको थियो।



# साप्ताहिक समाचारपत्रिका


गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल


अंक १८४, वर्ष ५, २०८० चैत्र ४, March 17, 2024 आइतबार




स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजनामा घरपझोंग गाउँपालिका, मुस्ताङ्ग अन्तर्गतका स्वास्थ्य चौकीहरुको एकिकृत अनुगमन र onsite coaching संचालन भएको छ। पोषण, खोप, परिवार नियोजन लगायतका रिपोर्टका बारेमा छलफल भएको थियो। सोही अबसरमा किशोरकिशोरी मैत्री स्वास्थ्य संस्था र न्युनतम सेवा मापदण्ड कार्यक्रमको कार्यन्वयन अवस्थाको बारेमा समेत छलफल भएको थियो। उक्त कार्यक्रममा स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका निमित्त महानिर्देशक हेमन्त शर्मा पौडेल, डाक्टर रोशन ढकाल, नबराज शर्माको उपस्थिति रहेको थियो।








जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र नवलपरासी पूर्वमा भिडियो एक्सरे सेवा संचालन भएको छ।



स्वास्थ्य तालिम केन्द्र, गण्डकी प्रदेशको आयोजनामा चिकित्सक तथा नर्सिङ स्टाफलाई लैङ्गकि हिंसामा स्वास्थ्यको भुमिका (Health response to GBV) सम्बन्धि तालिम संचालन भएको छ। ४ दिने यो तालिममा मुस्ताङ, म्याग्दी बाग्लुंङ,पर्वत, गोरखा र मनाङ जिल्लाका ६ जना चिकित्सक र ६ जना नर्सिङ कर्मचारीहरुको सहभागिता रहेको थियो।

**मानसिक स्वास्थ्य : सबैको अधिकार**

# सासाहिक समाचारपत्रिका

अंक १८४, वर्ष ५, २०८० चैत्र ४, March 17, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

## भावपुर्ण श्रद्धाञ्जली !!!



यस स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशमा कार्यरत जनस्वास्थ्य निरिक्षक श्री गीता कुँवर कि ममतामयी आमाको असामयिक निधन प्रति हामी अत्यन्तै दुखी छौ। आमाको आत्माको चिरशान्तिको कामना तथा शोकाकुल समस्त परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछौ। स्वास्थ्य निर्देशनालय परिवार



स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजनामा बेसीशहर नगरपालिका लमजुङमा जनप्रतिनिधि तथा स्वास्थ्यकर्मीहरुसँग पारिवारीक स्वास्थ्य प्रोफाईल सम्बन्धी बैठक तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ। यस कार्यक्रमको अध्यक्षता बेसीशहर नगरपालिकाका नगरप्रमुख गुमान सिंह अर्यालयले गर्नुभएको थियोभने स्वास्थ्य निर्देशनालयका उपसचिव शंकर थापाको प्रमुख आतिथ्यतामा सञ्चालन भएको थियो। उक्त कार्यक्रममा सोही नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत चेतनाथ अर्यालय, स्वास्थ्य निर्देशनालयका लेखा अधिकृत भरत भुजेल लगायतको आतिथ्यतामा सम्पन्न भएको थियो।




टुकुचे स्वास्थ्य चौकी, मुस्ताङ्गमा ९ महिना देखि ५ बर्ष मुनिका बालबालिकाहरुलाइ दादुरा रुबेला रोग विरुद्धको खोप सम्पन्न भएको छ।

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**



# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १८४, वर्ष ५, २०८० चैत्र ४, March 17, 2024 आइतबार





बोबाङ्ग स्वास्थ्य चौकी, बाग्लुङ्गमा ९ महिना देखि ५ बर्ष मुनिका बालबालिकाहरुलाइ दादुरा रुबेला रोग विरुद्धको खोप सम्पन्न भएको छ।



माछापुच्छ्रे गाउँपालिका, कास्कीको आयोजनामा महिला स्वास्थ्य स्वयम् सेविका अध्ययन भ्रमण कार्यक्रम सम्पन्न भएको छ।






अन्नपुर्ण गाउँपालिका, म्याग्दीको आयोजनामा क्षयरोग कार्यक्रमको स्थलगत अनुशिक्षण कार्यक्रम अन्नपुर्ण १ दोवा स्वास्थ्य चौकीमा सम्पन्न भएको छ।



अन्नपूर्ण गाउँपालिका, कास्कीको ७ औं स्थापना दिवसको अवसरमा आयोजित कार्यक्रममा स्वास्थ्यकर्मी तर्फ जुमकाजी गुरुङ (छोम्रोङ सा. स्वा. ईकाई) तथा महिला सा. स्वयं सेविका तर्फ सुमित्रा पौडेल (अन्नपूर्ण ७ तोल्का) सम्मानित हुनुभएको छ।



# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १८४, वर्ष ५, २०८० चैत्र ४, March 17, 2024 आइतबार





हिमालय आँखा अस्पताल पोखरा र पर्वत अस्पतालको प्राविधिक सहयोगमा तथा सम्पुर्ण लायन्स क्लबको आयोजनामा बृहत आँखा जाँच तथा मोतिया बिन्दु अप्रेशन शिविरमा ३५० जना सेवाग्राहीले प्रत्येक्ष सेवा लिनुभएको छ।जस मध्ये ३९ जनाको मोतिया बिन्दुको अप्रेशन सफलतापुर्बक सम्पन्न भएको छ।



स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजनामा प्रदेश स्तरीय अर्धबार्षिक कोहर्ट समिक्षा कार्यक्रम संचालन भएको छ। सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशका सचिब डाक्टर बिनोद बिन्दु शर्माको प्रमुख उपस्थिति भएको यस कार्यक्रममा प्रदेश जनस्वास्थ्य प्रयोगशालाका महानिर्देशक मनमोहन मिश्र, प्रदेश क्षयरोग उपचार केन्द्रका निमित्त निर्देशक डाक्टर रमेश प्रसाद आचार्य, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका उपसचिव चण्डिका पौडेल, स्वास्थ्य प्रशासक डाक्टर रमेश कुमार के.शि., जनस्वास्थ्य प्रशासक सुरज गुरौ, स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका स्वास्थ्य प्रशासक डाक्टर रोशन ढकाल लगायत मन्त्रालय निर्देशनालयका स्वास्थ्यकर्मीहरु, गण्डकी प्रदेशका सबै जिल्लाका स्वास्थ्य कार्यालयहरु, अस्पतालहरु र क्षयरोगका क्षेत्रमा काम गर्ने बिभिन्न संस्थाहरुका प्रमुख, प्रतिनिधिहरु, टि.बि. फोकल पर्सन, ल्याबकर्मीहरुको उपस्थिति रहेको छ। गण्डकी प्रदेशको मुख्य प्रस्तुतीकरण राजेश यादबले गर्नुभएको थियो। स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका अस्पताल नर्शिङ्ग प्रशासक अन्जु पौडेलको अध्यक्षतमा संचालित उद्घाटन कार्यक्रमको संचालन ज्ञान बहादुर बि.सी.ले गर्नुभएको थियो।



# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १८४, वर्ष ५, २०८० चैत्र ४, March 17, 2024 आइतबार




"हरेक बिहिबार TB बार" को नारा सहित नियमित झै क्षयरोग बिरामीहरुको तौल अनुगमन तथा चेकजाच सम्पन्न भएको छ। आधारभूत स्वास्थ्य सेवा केन्द्र खर्बाङमा दैनिक २१ जना बिरामीहरुलाई नियमित क्षयरोगको औसधि उपचार हुने गर्छ।






स्वास्थ्य कार्यालय, स्याङ्गजाको आयोजनामा क्षयरोग कार्यक्रम अर्धवार्षिक समिक्षा गोष्ठी सम्पन्न भएको छ।



लेते प्राथमिक स्वास्थ्य के,न्द्र मुस्ताङमा दादुरा-रुबेला खोप अभियान सम्पन्न भएको छ।

# साप्ताहिक समाचारपत्रिका

अंक १८४, वर्ष ५, २०८० चैत्र ४, March 17, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल





मंगला गाउँपालिका, म्याग्दीको आयोजनामा बरंजा स्वास्थ्य चौकीमा राष्ट्रिय क्षयरोग कार्यक्रम अन्तर्गत क्षयरोग कार्यक्रमको स्थल गत अनुशिक्षण तथा सुपरिवेक्षण कार्यक्रम स्वास्थ्य शाखा प्रमुख लेखनाथ रोकाको उपस्थिति तथा स्वास्थ्य कार्यालय, म्याग्दीका परिवार नियोजन सुपरभाईजर गणेश सुबेदीको सहजीकरणमा कार्यक्रम सम्पन्न भएको छ।



छोन्हुप स्वास्थ्य चौकी, मुस्ताङ्गमा दादुरा-रुबेला खोप अभियान सम्पन्न भएको छ।



अमलाचौर स्वास्थ्य चौकी, बाग्लुङ्गमा यस आ.ब.को सातौ सुत्केरी भएको छ।




पोखरा महानगरपालिका, कास्की वडा नं. ५ को आयोजनामा महिलाहरूको प्रजनन स्वास्थ्य सचेतना सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १८४, वर्ष ५, २०८० चैत्र ४, March 17, 2024 आइतबार





दादुरा-रुबेला खोप अभियान २०८० @ मनाङ्ग



लुलाङ स्वास्थ्य चौकि, म्याग्दीमा सुरक्षित सुत्केरी भएको छ।




मालिका गाउँपालिका, म्याग्दीको आयोजनामा ग्रामिण अल्ट्रासाउन्ड कार्यक्रम वडा नं. ७ विम स्वास्थ्य चौकीमा संचालन भएको छ ।




मालिका गाउँपालिका, म्याग्दीको आयोजनामा मालिका गाउँपालिका ६ अन्तर्गत रहेको दरवाङ्ग प्राथमिक स्वास्थ्य केन्द्रमा IMNCI कार्यक्रमको अनसाईट कोचिङ्ग कार्यक्रम सम्पन्न भएको छ।

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**




# साप्ताहिक समाचारपत्रिका

अंक १८४, वर्ष ५, २०८० चैत्र ४, March 17, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, स्याङ्जामा फिजियोथेरापी, कपिङ थेरापी अग्निकर्म सेवा संचालनमा रहेको छ।





मालिका गाउँपालिका, म्याग्दीको आयोजनामा मालिका गाउँपालिका ४ अन्तर्गत रहेको ओखरबोट स्वास्थ्य चौकीमा IMNCI कार्यक्रमको अनसाईट कोचिङ्ग कार्यक्रम सम्पन्न भएको छ।




"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"

# साप्ताहिक समाचारपत्रिका

अंक १८४, वर्ष ५, २०८० चैत्र ४, March 17, 2024 आइतबार


गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल



सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशको आयोजनामा हब तथा सेटेलाईट अस्पतालहरु बीच रहेको नेटवर्कको अन्तरक्रिया तथा छलफल कार्यक्रम संचालन भएको छ।



स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको नियमित मासिक बैठक सम्पन्न भएको छ। स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका निमित्त महानिर्देशक हेमन्त शर्मा पौडेलको अध्यक्षतामा सम्पन्न उक्त बैठकमा निर्देशनालयका कर्मचारीहरु लगायत सहयोगी संस्थाका कर्मचारीहरूको समेत उपस्थिति रहेको थियो।







म्याग्दीको रघुगङ्गा गाउँपालिका–२ भगवतीमा गुणस्तरहीन मदिरा बिक्रीवितरणमा रोक लगाइएको छ।



# सासाहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १८४, वर्ष ५, २०८० चैत्र ४, March 17, 2024 आइतबार





तनहुँको आँबुखैरेनी गाउँपालिकाले डेङ्गु रोग रोकथाम र नियन्त्रणका लागि सचेतनामूलक र प्रचारात्मक अभियान सुरु गरेको छ। पछिल्लो समय मुलुकका मुख्य सहरहरूमा लामखुट्टेको टोकाइबाट सर्ने डेङ्गुरोग तीव्र गतिमा फैलिएकाले रोकथामका लागि लामखुट्टेको वासस्थान खोजी तथा नष्ट गर्ने अभियान सुरु गरिएको छ। विगत लामो समयदेखि आँबुखैरेनी लगायत आसपासका सहर बजारका विभिन्न क्षेत्रहरूमा शीघ्र रूपमा डेङ्गु ज्वरोको सङ्क्रमण फैलिएकोले सचेतना जगाउन अभियान सञ्चालन गरिएको हो।



हिमालपारीको जिल्ला मुस्ताङ र मनाङमा दादुरा-रुवेला रोग विरुद्धको खोप अभियान सुरु भएको छ। हिमपात र अत्यधिक चिसोका कारण रोकिएको दादुरा-रुवेला रोग विरुद्धको खोप अभियान सोमबारदेखि सञ्चालन भएको हो।



मिति २०८०/१२/०३ बाट सेवा निवृत्त हुनुभएका स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका जनस्वास्थ्य निरिक्षक बिष्णु सुबेदीको सेवा निवृत्त जीवन सुखमय रहोस, स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेश परिवार हार्दिक शुभकामना व्यक्त गर्दछौं।



छोप्राक स्वास्थ्य चौकि, गोरखाको आयोजनामा सिरानचोक ५ मा चिकित्सक मार्फत १ दिने घुम्ती स्वास्थ्य शिबिर सम्पन्न भएको छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १८४, वर्ष ५, २०८० चैत्र ४, March 17, 2024 आइतबार





दगातुन्डाडा स्वास्थ्य चौकी, बाग्लुंगमा २७०० ग्राम तौल भएको स्वस्थ्य शिशुको (छोरा) जन्म भएको छ।






काहुँशिवपुर स्वास्थ्य चौकी, तनहुँको आयोजनामा सुत्केरी आमाहरूको लागि सुत्केरीपश्चातको नियमित रूपमा घरभेट कार्यक्रम सन्चालन गर्दै आइरहेको छ, जस अन्तर्गत तेस्रो पटकको उत्तरप्रसुति घरभेट, सुत्केरी पश्चात् अपनाउनु पर्ने स्वस्थ्य बानि व्यवहार र पोषणयुक्त खानपान देखी नवजात शिशु स्याहारको बारेमा आमालाई सूचित गर्ने गरिएको छ।

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**



# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १८४, वर्ष ५, २०८० चैत्र ४, March 17, 2024 आइतबार




स्वास्थ्य कार्यालय, पर्वतको आयोजना र विहादी गाउँपालिकाको समन्वयमा जनप्रतिनिधि र पोषणसँग सम्बन्धित सरोकारवालासंग पैरवी बैठक तथा अन्तरक्रिया कार्यक्रम बिहादी गाउँपालिकाका अध्यक्ष प्रविन गुरुङको अध्यक्षतामा सम्पन्न भएको छ। उक्त कार्यक्रममा जनप्रतिनिधिहरु, कृषि, भेटेनरी, शिक्षा तथा स्वास्थ्य शाखाका प्रतिनिधिहरु र सरोकारवालाहरुको सहभागिता रहेको थियोभने कार्यक्रमको सहजीकरण स्वास्थ्य कार्यालयका पोषण फोकल व्यक्ति तेज सुवेदी, बिहादी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरी भुसाल र स्वास्थ्य शाखाका भूपेन्द्र पौडेलले गर्नु भएको थियो।





**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**



अमलाचौर स्वास्थ्य चौकी, बागलुङको आयोजनामा वडा अध्यक्ष कोपिलामणि शर्माको अध्यक्षतामा नियमित खोप सेवा तथा सरसफाइ प्रबर्द्धन कार्यक्रम सम्पन्न भएको छ।



यस लेते प्राथमिक स्वास्थ्य केन्द्र थासाङ -०३ लेते मुस्ताङमा यस आ.व.२०८०/०८१ को दोस्रो सुत्केरी भएको छ।



# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १८४, वर्ष ५, २०८० चैत्र ४, March 17, 2024 आइतबार






सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशका सचिव डाक्टर बिनोद बिन्दु शर्माले जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, मुस्ताङको सुपरिबेक्षण निरिक्षण गर्नुभएको छ।

**आफ्नो बाबुनानीहरुलाई सबै खोपको मात्रा पुरा गराऔं!!**







**सम्पादक**
नवराज शर्मा
बरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत/सूचना अधिकारी
स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेश
(गुनासो तथा सुझावका लागि)
https://hd.gandaki.gov.np/feedback
bhumari80@gmail.com